# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं ज्येष्ठ २६ गते ०१० साल

## भाग ६

## स्थानीय स्वायत्त शासनविभागको सूचना

काठमाडौं नगरपालिकाको सदस्यहरूको चुनाव यही २०१० साल आषाढ १२ गते गर्ने विचार गरिएको छ। यस चुनावको प्रयोगात्मक कार्यक्रम निम्न प्रकार छ।

१. मताधिकारीहरूको अन्तिम सूचिप्रकाशन, ज्येष्ठ २५ गते।

२. चुनावमा खडा हुन चाहने उम्मेदवारहरूले दर्खास्त दिने म्याद, आषाढ २ गतेदेखि आषाढ ५ गतेसम्म।

३. उम्मेद्वारहरूको नामावली प्रकाशन र उम्मेदवारहरूको दर्खास्त जाँची उम्मेदवारमा खडा हुन दिन इजाजतपत्र दिने, आषाढ ७ गते।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५५२



४. उम्मेदवारहरूले दर्खास्त फिर्ता लिने मिति, आषाढ ८ गतेदेखि आषाढ ९ गतेसम्म ।

५. उम्मेदवारहरूको अन्तिम नामावली प्रकाशन, आषाढ १० गते ।

६. चुनावको दिन र समय, आषाढ १२ गते बिहान ७ बजेदेखि बेलुकी ६ बजेसम्म ।

७. भोट गिन्ती मिति, आषाढ १४ गते ।

८. निर्वाचित सदस्यहरूको नामावली प्रकाशन मिति, आषाढ १५ गते ।

आज्ञाले—
टंकप्रसाद अधिकारी,
सेक्रेटरी—स्था. स्वा. शा. विभाग.

मुद्रण विभाग, सिंहदरबार

गोरखापत्र छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।